नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३० अंक १९४ २०७७ साल फागुन २० गते बिहीबार (4 Mar. 2021 Thursday) मूल्य रु. ५/-

**Log on : rajbirajdainik.com.np**

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- फरार अभियुक्तले सार्वजनिक संस्थाबाट पाउने सेवा सुविधा लिन नपाउने र निजको अधिकार कटौती हुने,
- आफ्नो नाममा जारी भएको म्याद नबुझ्ने वारिस वा कानून व्यवसायीलाई अदालतमा प्रतिनिधित्व गर्न नदिने,
- सरकारवादी मुद्दाका साक्षीलाई सरकारले दैनिक भ्रमण भत्ताको सुविधा र आवश्यकता अनुसार सुरक्षा प्रदान गर्ने,
- नबुझी नहुने साक्षी उपस्थित नभएमा जरिबाना तथा पक्राउ गर्न सकिने,
- पीडित वा साक्षीको परिचय गोप्य राख्न सकिने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : 'कोभिड-१९ विरुद्धको खोप... ३ पृष्ठमा : अनुमतिपत्रविनै चल्छन्... ३ पृष्ठमा : अमेरिकी सेना रहेको इराकी...

# सप्तरीका चर्चित व्यापारी तथा आइएमई संचालक सिन्धी दाजुभाई करोडौं लिएर फरार






१. फरार रहेका संजय र सुनिल सिन्धी माथी (इन्सेटमा), २. तल बन्द रहेको आइएमई अफिस, ३. दायाँ माथी रकम भुक्तानीका लागि आएकी महिलाले हस्ताक्षर र छाप लगाइएको रसिद देखाउँदै, ४. जिल्ला प्रहरी कार्यालय सप्तरीमा उजुरी दिन लागेको पीडितहरुको लाईन । ***तस्बिर : राजविराज दैनिक***

**दैनिक समाचारदाता**
**राजविराज, १९ फागुन ।** राजविराजका चर्चित व्यापारी, जग्गा कारोबारी तथा एक आइएमइ शाखा संचालक सिन्धी दाजुभाई तीन दिनदेखी करोडौ रकम लिएर सर्म्पकविहिन भएका छन् ।

विदेशमा आफन्तले कमाएर पठाएको विभिन्न व्यक्तिको करोडौ रुपैया लिएर फरार भएपछि अहिले सप्तरी सदरमुकाम राजविराजमा खैलाबैला मच्चिएको छ ।

राजविराजको मुटुमै रहेको गजेन्द्र चौकमा कपडा पसल र आइएमइको शाखा समेत खोलेर कारोबार संचालन गर्दै आएका सुनिल सिन्धी र उनका दाई संजय सिन्धी तीन दिनदेखी करोडौं रकम लिएर सम्पर्कबिहीन भएपछि जिल्ला प्रहरी कार्यालय सप्तरीमा उजुरी दिनेहरुको ओइरो लागेको छ ।

सुनिल र संजय सहोदर दाजुभाई हुन् । उनीहरुले आफ्नो नाममा रहेको सबै सम्पत्ति समेत गोप्य ढंगले बिक्रि गरि आइएमईबाट विदेशका विभिन्न स्थानबाट पठाइएका रकम पनि हिनामिना गरेर फरार भएको प्रहरीको प्रारम्भिक अनुसन्धानले देखाएको छ ।

विदेशबाट पठाएको रकम आफन्तले लिन जाँदा तिन दिन अघि कतिपयसँग भुक्तानी लिएको रसिदमा सही छाप गराएको पाइएको छ । रकम माँग गर्दा कहिले कम्प्युटर खराब, त कहिले नेट बिक्रेको छ लगायतका विभिन्न बहाना बनाउँदै भुक्तानी नदिएर भोलीपर्सी आउनु भनी आलटाल गर्ने गरेको पीडितहरुको भनाई छ ।

पीडित मध्येका विष्णुपुर गाउँपालिका ७ का बिन्देश्वर मण्डलले मलेशियाबाट छोरा प्रमोदले २ लाख १८ हजार रुँपैया पठाएको सुनाए । उनले रकम भुक्तानी लिन आउँदा कागजमा पहिले नै सही गराएपनि दुई दिनपछि आउन भन्दै भुक्तानी नदिएको गुनासो पोखे । उनलाई बुधबार बोलाइएकोमा सोही दिन आउँदा दाजुभाई दुबै फरार भइसकेको थाहा पाएपछि विचल्लीमा परेका छन् ।


त्यस्तै डाक्नेश्वरी नगरपालिका २ की लालो खतुनले बहिनीको विवाहका लागि छोराले कतारबाट आफ्नो नाममा पठाएको ९ लाख रुँपैया एक साता अघि नै भुक्तानी लिन आएकोमा विवाहको बेलामा लैजानु होला, पैसा यही सुरक्षित रहन्छ भन्दै दाजुभाईले आलटाल गरेका थिए । उनी पनि बुधबार रकम लिन आएपछि अफिस नै बन्द रहेको देखेपछि प्रहरी कहा पुगेकी थिइन् ।

यस्तै महदेवा गाउँपालिका २ का बिनोद मण्डल, श्यामादेवी मण्डल, बिष्णुपुर गाउँपालिकाका रामप्रित यादव, राजगढ गाउँपालिकाका दिनेश मण्डल, राजविराज ७ का श्रवण दास, डाक्नेश्वर नगरपालिका ५ का महेश महतो, सत्रुहन मण्डल लगायतका गरि २ करोड भन्दा बढी रकम भुक्तानी नपाएको भन्दै बुधबार प्रहरीमा उजुरी दिएका छन् ।

यस्तै भुक्तानी लिन बाँकी रहेकाहरु ठूलो संख्यामा आउने क्रम अझ जारि नै रहेकाले ५० करोड भन्दा बढी रकम घोटला भएको अनुमान गरिएको छ ।

जग्गा कारोबारी समेत रहेका आइएमइ संचालक दुबै दाजुभाईले प्रयोग गर्ने मोबाइल नं. ९८०१५०००११ र ९८१५७१४५३५ लगातार स्विच अफ रहेको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी भुवनेश्वर साहले पीडितहरु सबैको जाहेरी लिने कामसँगै यस बारे आवश्यक अनुसन्धान पनि सुरु गरिएको जानकारी दिए ।



## सम्पादकीय

# कार्यान्वयन पक्ष बलियो नभए अवहेल्ना भइरहन्छ

सप्तरी जिल्लालाई ध्वनी प्रदर्शन गर्नेलाई कारवाही गर्ने प्रतिबद्धता कागजमै सीमित भएको छ । हालै सम्बन्धीत निकायहरुको एक बैठकले विवाहको बेला ठूलो स्वरमा बजाइने डिजेलाई कारवाही गर्ने निर्णय कागजमै सीमति भएको हो । निर्णय भएसँगै डिजेहरु बजाउने कार्य रोकिएको छैन् । यसरी कुनै पनि निर्णय गर्नु अगावै त्यसको कार्यान्वयन पक्षलाई समेत ध्यान पर्ने हो । तर, यस जिल्लामा गरिने निर्णयहरु जहिले पनि हचुवाको तालमै हुने गरेको छ ।

यसअघि झण्डै एक दशक अघि अदालतबाटै ध्वनी प्रदुषन गर्नेलाई कारवाही गर्न जिल्ला प्रहरी, प्रशासन लगायत सरोकारवाला निकायलाई निर्देशानात्मक आदेश दिएको थियो । तर, त्यसको पालना हालसम्म हुन सकेको छैन् । राजनीतिक भाषणमा समेत नगरको विभिन्न स्थानमा साउण्ड बक्स जडान गरि ठूला ठूला स्वरमा आवाज आउने गरेको छ । शिर्ष नेताहरुको भाषण सुनाउन आयोजकहरुले बजारको सार्वजनिक चौकमा साउण्ड बक्स जडान गर्ने कार्यलाई कसैले रोक्न सकेका छैनन् । यति मात्र नभएर धार्मिक प्रवचनको नाममा पनि ध्वनी प्रदुषन हुने गरेको छ ।

तसर्थ ध्वनी प्रदुषन रोक्नका लागि सम्बन्धीत निकायले कार्यान्वयन पक्षलाई बलियो बनाउनु आवश्यक छ । होइन भने सो सम्बन्धमा गरिने कुनै पनि निर्णय होस् वा आदेश पालना जनताबाट यसरीनै अवहेल्ना हुने क्रम जारि नै रहन्छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# ‘कोभिड-१९ विरुद्धको खोप निर्धक्क भएर लगाउनुस्’

काठमाडौँ, १९ फागुन (रासस) ।

सभामुख अग्निप्रसाद सापकोटाले कोरोनाविरुद्धको खोप वैज्ञानिक अनुसन्धानबाट प्रमाणित भएकाले विना हिचकिचाहट निर्धक्क भएर लगाउन सम्पूर्ण नागरिकलाई आग्रह गर्नुभएको छ । मीनभवनस्थित निजामती अस्पताल परिसरमा कोभिड-१९ विरुद्धको खोप लगाएपछि सञ्चारकर्मीसँग कुरा गर्दै उहाँले व्यवस्थित र सहजरूपमा लगाउने वातावरण भएकाले खोप अभियान सफल हुने विश्वास व्यक्त गर्नुभयो ।

सभामुख सापकोटाले भन्नुभयो, “खोप लगाउँदा अलि असहज हुन्छ कि भनी सोचेको थिए । बिल्कुल असहज भएन । खोप लगाउने बेला हुँदैछ होला भन्दै थिए, खोप दिइसकिएको छ ।” नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ले पनि सबै नेपाली नागरिकलाई विना हिचकिचाहट सहज ढङ्गले खोप प्रयोग गरी स्वथ्य रहन अपिल गर्नुभयो ।

विश्वभर महामारीका रूपमा फैलिएको कोरोनाले मानव जातिलाई अप्ठेरो पारिरहेको अवस्थामा खोपको आविष्कार र प्रमाणित भएपछि मानिसले खराब विषाणुविरुद्ध फेरि एकपटक विजय हासिल गरेको महसुस भएको बताउँदै उहाँले औषधि प्रभावकारी साबित भएसँगै मानिसको प्रकृतिमाथि विजयको नयाँ सिँढीमा मान्छे कुद्न सफल भएको उल्लेख गर्नुभयो ।

अध्यक्ष दाहालले भन्नुभयो, “अरूलाई लगाएको देख्दा अलि दुख्छ जस्तो लागेको थियो, आफैँले लगाउँदा खोप लगाएको थाहा नै पाइनँ । कतिबेला खोप्नु हुन्छ होला भनेको त भइसक्यो पो भन्नुभो । बडो सरल रहेछ । कसैले कुनै पनि खाले तनाव लिनुपर्ने अवस्था छैन । सहज ढङ्गबाट हुन्छ ।”

सञ्चारकर्मीको राजनीतिक सङ्क्रमणबारे सोधेको प्रश्नमा उहाँले सर्वोच्च अदालतको फैसलाले संविधान, प्रणाली, लोकतन्त्रलाई ठीक ढङ्गबाट अघि बढ्न बाटो खोलिदिएको बताउनुभयो । उहाँले भन्नुभयो, “अब राजनीति पनि ट्र्याकमा जान्छ भन्ने कुराको पहिलो सुनिश्चितता अदालतको फैसलाले गऱ्यो, न्याय, लोकतन्त्र र संविधानको जीत भएको छ, यो महत्वपूर्ण हो । बाँकी २३ गतेबाट बस्ने प्रतिनिधिसभाको अधिवेशनबाट प्रस्ट हुन्छ ।”

पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले अन्तर्राष्ट्रिय समुदायबाट गहिरो अध्ययन र अनुसन्धानबाट प्रभावकारी साबित भएको कोभिड-१९ विरुद्धको खोप ढुक्क भएर विश्वासका साथ लगाउन सर्वसाधारणलाई सुझाव दिनुभयो । उहाँले भन्नुभयो, “यसअघि पनि मैले विभिन्न खाले धेरै खोप लगाएकाले यस पटक खोप लगाउँदा कुनै खासै अनुभव भएन । घोचिएको पनि अनुभव हुँदो रहेनछ । आतिन पर्ने अवस्था छैन । खोप लगाउनु पऱ्यो, स्वथ्य हुन पऱ्यो ।”

पूर्वप्रधानमन्त्री नेपालले राजनीतिक सङ्क्रमण फैलने सम्भावनाको खतरालाई सर्वोच्च अदालतबाट पहिलो खोपजस्तै गरी आएको फैसलाले ठीक बाटोमा अघि बढ्न एउटा बाटो देखाएको प्रतिक्रिया दिनुभयो । उहाँले भन्नुभयो, “फैसलाबाट खतरामा परेको लोकतन्त्र, संविधानलाई जोगाएको छ, अब बाँकी राजनीति क्षेत्रमा अहिले देखिरहेको सङ्क्रमणको समाधान संसद्मार्फत राजनीतिक दलले गर्छन् ।”

# ठूला नदीमा जल यातायात अघि बढाउन सरकारको तयारी : मन्त्री नेम्वाङ

काठमाडौँ १९ फागुन (रासस) ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्री वसन्तकुमार नेम्वाङले नेपालका ठूला नदीमा जल यातायात अघि बढाउन नेपाल सरकारले तयारी अघि बढाएको बताउनुभएको छ । भारतले दोस्रो संस्करणका रुपमा आयोजना गरेको ‘मारिटाइम इण्डिया समिट २०२१’ को मन्त्रीस्तरीय भर्चुअल कार्यक्रममा उहाँले कर्णाली, नारायणी, कालीगण्डकी, कोशीलगायतका नदीमा पानीजहाज सञ्चालन गरेर भारतसँग जलमार्गमार्फत व्यापार स्थापित गर्न अध्ययन भइरहेको बताउनुभयो ।

मन्त्री नेम्वाङले जल यातायातसम्बन्धी विभिन्न सन्धि, सम्झौता तथा सम्मेलनमा प्रतिबद्धता जनाएअनुसार व्यवहारमा कार्यान्वयन गर्नतर्फ अग्रसर भएको औँल्याउनुभयो । उहाँले जल यातायात सञ्चालनका लागि नेपालले लामो समयदेखि प्रयास गरेको बताउनुभयो । पानीजहाजसम्बन्धी ऐन सन् १९७१ पारित गरेको उहाँले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “लामो समयपछि जल यातायातलाई अहिलेको सरकारले उच्च प्राथमिकताका साथ अगाडि बढाएको छ ।”

मन्त्री नेम्वाङले कुनै पनि देश विकसित र समृद्ध हुन यातायात र पारवहन सुविधा आधारभूत पूर्वाधारको रुपमा रहने बताउनुभयो । नेपालले यातायातको सबै क्षेत्र हवाईजहाज, रेल, सडक यातायात तथा पारवाहन सुविधालाई उच्च प्राथमिकताका साथ अगाडि बढाइएको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, “नेपाल भूपरिवेष्ठितबाट भूजडित देशको रुपमा विकसित भइरहेको छ ।” तीन दिनसम्म चल्ने सम्मेलन स्को भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले उद्घाटन गर्नुभएको थियो ।

# पशुपतिमा विशेष पूजा फागुन २५ देखि

काठमाडौँ, १९ फागुन (रासस) ।

पशुपतिनाथ मन्दिरमा कोरोना महामारीका कारण एक वर्षअघि देखि रोकिएको विशेष पूजा फागुन २५ गतेदेखि शुरु हुने भएको छ ।

कोरोना जोखिम कायमै रहे पनि स्वास्थ्य सुरक्षाका मापदण्ड पूरा गरेर फागुन कृष्ण एकादशीदेखि विशेष पूजा शुरु गर्न लागिएको पशुपति क्षेत्र विकास कोषका कोषाध्यक्ष डा मिलनकुमार थापाले राससलाई जानकारी दिनुभयो । हाललाई रु एक हजार १०० देखि रु २७ हजारसम्मका विशेष पूजामात्र पशुपतिनाथ मन्दिरमा गरिनेछ । पशुपतिनाथ मन्दिरमा रु एक हजार १०० देखि रु २५ लाखसम्मको विशेष पूजा हुने गरेको छ ।

कोषले महाशिवरात्रिको अवसर पारेर स्वास्थ्य सुरक्षाका विधि अपनाउँदै विशेष पूजा खुला गर्न लागेको हो । फागुन २७ गते बिहीबार महाशिवरात्रिका दिन भने रु पाँच हजार १०० र रु ११ हजारका गरी दुई किसिमका विशेष पूजामात्र गर्ने गरी तयारी गरिएको जानकारी पनि उहाँले दिनुभयो । महाशिवरात्रिका दिन रु पाँच हजार १०० को रसिद काटी विशेष पूजा गर्नेबाट दुई र रु ११ हजारको रसिद काटी पूजा गर्नेका तर्फबाट चारजना कर्तालाई मन्दिरमा दर्शन गर्ने व्यवस्था मिलाइने कोषले जनाएको छ ।

कोषले विशेष पूजाको रसिद काटेर पूजा गराउने विधि छ । विशेष पूजाबाट कोषलाई वार्षिक रु नौदेखि १० करोडसम्म आम्दानी हुने गरेको छ । आर्थिक वर्ष २०७५/७६ मा विशेष पूजाबाट रु नौ करोड ४० लाख ९३ हजार १४५ आम्दानी भएको थियो । गत वर्ष चैतदेखि नै कोरोनाका कारण विशेष पूजा रोकिएको थियो । कोरोनाका कारण करीब नौ महिना मन्दिरसमेत बन्द भई विशेष पूजा रोकिँदा पनि रु छ करोड एक लाख ८९ हजार ४७५ आय भएको कोषाध्यक्ष थापाले बताउनुभयो ।

# आलमलाई छुटाउन प्रयास छु : सभापति देउवा

रौतहट, १९ फागुन (रासस) ।

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले पूर्वसांसद मोहम्मद आफताब आलमको मुद्दा अहिले अदालती प्रकियामा रहेकाले प्रक्रियाबाटै उहाँलाई छुटाउन आफू प्रयासरत रहेको बताउनुभएको छ ।

गढीमाई नगरपालिकाद्वारा गढीमाई नगरपालिका -६ सिंगारमनमा आयोजित विष्णु महायज्ञको उद्घाटन गर्न बुधबार यहाँ आउनुभएका पूर्वप्रधानमन्त्री देउवाले देउवाले ईँटाभट्टामा जिउँदै मानिस जलाएर मारेको अभियोगमा कारागारमा रहेका निलम्बित सांसद आलमलाई रिहा गराउन आफूले पहल गरिरहेको जानकारी दिनुभयो ।

अर्को प्रसङ्गमा उहाँले देशबाट अहिले कोरोना पूर्णरुपमा समाप्त नभएकाले विज्ञको सल्लाहअनुसार अनिवार्य मास्कको प्रयोग गर्न र सामाजिक दूरी कायम राख्न सबैलाई आग्रह गर्नुभयो । पूर्वप्रधानमन्त्री देउवालाई नगर प्रमुख श्यामबाबु यादवलगायतले स्वागत गर्नुभएको थियो । महायज्ञ एक सातासम्म चल्ने जनाइएको छ ।

राजविराज नगरपालिका
३ नं. वडा कार्यालय
वडा कार्यालय राजविराज न.पा.बाट जारि भएको सूचना

मिति : २०७७/११/१९

जिल्ला सप्तरी राजविराज नगरपालिका साविक वडा नं. ०४ हाल वडा नं. ०३ बस्ने **बैधनाथ प्रसाद कर्ण** समेतले तपसिलका जग्गाहरु नामसारी दर्ता गर्न सिफारिस गरि पाउँ भनी मिति २०७७/११/१९ मा द.न. २९२ को निवेदन दिएको हुँदा सो जग्गामा कसैको हक दाबी भए सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो सबुत प्रमाण सहित यस नगरपालिका कार्यालयमा निवेदन दिनहुन आउनु होला । अन्यथा कानुन बमोजिम भै जाने व्यहोरा जानकारी गराइन्छ ।

तपसिल

जि.स.रा.वि.न.पा. वडा न. ३ बस्ने स्व. हरि नारायण लाल दास नाउँ दर्ताको जग्गा

| जिल्ला | गाविस/न.पा. | वार्ड न. | कि.न. | क्षेत्रफल |
|---|---|---|---|---|
| सिरहा | लहान | ७ क | ६७३ | ०-०-५ |

# अनुमतिपत्रविनै चल्छन् टचाम्पु र इरिक्सा

वीरगञ्ज, १९ फागुन (रासस)।

पर्साका गाउँ तथा शहरमा सवारी साधनको चाप अधिक हुन थालेको छ। यहाँ चल्ने सवारी साधनमध्ये सबैभन्दा बढी इरिक्सा र अटो रिक्साहरू छन्। वीरगञ्ज बजार क्षेत्रमा अव्यवस्थित सवारी साधनका कारण मानवीय जोखिम पनि बढ्दै गएको छ।

जिल्लाको प्रमुख बजार वीरगञ्ज, पोखरियालगायत शहरहरूमा चल्ने इरिक्सा र अटोरिक्साका चालकसँग सवारी साधन अनुमतिपत्र हुने गरेको छैन। बजार आउने सर्वसाधारणका लागि पहिलो रोजाइ बनेका यस्ता सवारी साधनको चालकसँग भने सवारी चालक अनुमतिपत्र नभएका कारण जोखिम बढ्दै गएको हो।

जहाँ भन्यो त्यही पुर्‍याउने, खोजेको बेला पाउने र ठेलमठेल यात्रा गर्नु नपरेकाले इरिक्सा र अटोरिक्सा सर्वसाधारणको पहिलो रोजाइमा परे पनि सहजै सवारी चालक अनुमतिपत्र लिन नसकिने भएकाले चालकहरू जोखिम मोलेरै यस्ता सवारी साधन चलाउन बाध्य भएको देखिन्छन्।

टचाम्पु र इरिक्सालाई एउटै दर्जामा राखेर यातायात व्यवस्था कार्यालय (सवारी चालक अनुमतिपत्र) वीरगञ्जले पटकपटक फारम खुलाएर सी–क्याटगोरीको चालक अनुमतिपत्र वितरण गर्ने गरेको सो कार्यालयका अधिकृत रामअयोध्या रामले राससलाई बताउनुभयो।

पर्सामा गुड्ने अधिकांश इरिक्सा र टचाम्पु चालकसँग भने सवारी चालक अनुमतिपत्र छैन। वीरगञ्ज पोखरीया रोडमा चल्ने टचाम्पु चालक दिल प्रसादले आफूसँग सवारी चालक अनुमतिपत्र नभएको बताए। सो रुटमा करीब २०० टचाम्पु चालकमध्ये मुस्किलले १०–१५ जनासँग मात्र सवारी चालक अनुमतिपत्र भएको अर्का टचाम्पु चालक शङ्कर गोसाईंको भनाइ छ।

सवारी चालक अनुमतिपत्रका लागि पटकपटक धाउँदासमेत सहजै पाउन मुस्किल रहेको र कार्यालय वरिपरि रहेको दलालहरूले रु २५ हजारसम्म माग्ने गरेका कारण आफूले विना अनुमतिपत्र टचाम्पु चलाउँदै आएको अधिकांश चालकहरूको गुनासो छ।

चालकहरू भन्छन्, “विना अनुमतिपत्रले टचाम्पु र इरिक्सा चलाउँदा बाटोमा ट्राफिक प्रहरीले जरिवाना काट्ने गरेको छ भने सो जरिवाना तिर्न हाम्रो बाध्यता रहेको छ। सवारी चालक अनुमतिपत्र विना इरिक्सा र टचाम्पु चलाउने समस्या पर्सा जिल्लाबाहिर अन्य जिल्लामा पनि रहेको छ। धेरैले चालक अनुमतिपत्र बनाइसकेको छ र जसले सवारी चालक अनुमतिपत्र विना चलाइरहेको फेला परेमा त्यस्तोलाई कारवाहीसमेत गरिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्साका प्रहरी निरीक्षक सुमन कार्कीको भनाइ छ।

पर्सा, बारा र रौतहट गरी यातायात व्यवस्था कार्यालय (सवारी) वीरगञ्ज शाखामा हालसम्म ३५ हजार ९४७ वटा दर्ता भएका छन् भने २०४४ सालदेखि हालसम्म १४२ इरिक्सा र एक हजार ८८४ वटा टचाम्पु चालकले मात्र सवारी चालक अनुमतिपत्र लिएको सो कार्यालयले जनाएको छ।

इरिक्सामा कुनै पनि प्रदेशमा कर लाग्दैन तर प्रदेश नं २ मा प्रति इरिक्सा रु पाँच हजार कर लिने गरेकाले कतिपय इरिक्सा दर्ता विना नै सञ्चालनमा रहेको छ। इरिक्सा र टचाम्पुको अव्यवस्थित पार्किङले वीरगञ्जका प्रमुख व्यापारिक बजार अस्तव्यस्त बनेको छ भने चालकको लापरवाहीको कारण दुर्घटनासमेत बढेको छ।

## ‘सरकार र चन्द समूहको वार्ता सकारात्मक दिशातर्फ उन्मुख’

काठमाडौँ, १९ फागुन (रासस)।

नेपाल सरकार र नेत्रविक्रम चन्द समूहबीच बुधबार पहिलो चरणको वार्ता भएको छ। प्रधानमन्त्री निवास बालुवाटारमा बुधबार बिहान सम्पन्न वार्ता सकारात्मक दिशातर्फ उन्मुख भएको सरकारी वार्ता टोलीका सदस्य डा राजन भट्टराईले जानकारी दिनुभयो।

सरकारका तर्फबाट गृहमन्त्री रामबहादुर थापा र चन्द समूहका तर्फबाट खड्गबहादुर विश्वकर्माका संयोजकत्वमा मङ्गलबार अलगअलग वार्ता समिति सार्वजनिक भएको थियो। हिंसात्मक गतिविधिमा प्रतिबन्ध लगाइएको सो समूह राष्ट्र, राष्ट्रियता र जनजीविकाका विषयमा वार्ता र संवाद गर्न तयार भएपछि वार्ता प्रक्रिया अघि बढेको हो।

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आबश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना :**१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५–६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी–१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी–२ | स्टोकिङ्ग डेन्सिटी–३ | स्टोकिङ्ग डेन्सिटी–४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
**मोवाईल नं. ९८५२८२०९३५**

## विश्व समाचार

### अमेरिकी सेना रहेको इराकी अखडामा १० वटा रकेट प्रहार

बग्दाद, १९ फागुन (रासस/एएफपी)।

पश्चिमी इराकमा रहेको अमेरिकी सेनाको एउटा अखडालाई लक्षित गरी बुधबार कम्तीमा १० वटा क्षेप्यास्त्र प्रहार गरिएका छन्। पोप फान्सिसको इराक भ्रमणको दुई दिनअघि अमेरिकी सेना लक्षित आक्रमण भएको छ।

इराकमा सक्रिय इस्लामिक स्टेट समूहविरुद्धको कारबाहीमा इराकी सेनालाई सघाउन अमेरिकी नेतृत्वमा अइन अल-असद सैन्य अखडामा अमेरिकी र इराकी सेना रहेका छन्।

अमेरिकी सेनाका प्रवक्ता कर्णेल वाइने मारोटोले बिहान ७.२० बजे सैन्य शिविरलाई लक्षित गरी १० वटा क्षेप्यास्त्र प्रहार भएको पुष्टी गर्नुभयो।

इराकी सुरक्षा स्रोतले क्षेप्यास्त्र इरानमा निर्मित अराश मोडेलका रहेको बताएको छ। यी क्षेप्यास्त्र १२२ एमएम आर्टिलरी रकेट र केही भारी किसिमका रहेका छन्।

### म्यान्मारमा सेनाको गोली लागेर छ जनाको मृत्यु

याङ्गुन, १९ फागुन (रासस/एएफपी)।

प्रजातन्त्रका पक्षमा सहभागी प्रदर्शनकारीमाथि सुरक्षा फौजले गरेको कारबाहीमा बुधबार कम्तीमा छ जनाको मृत्यु भएको छ।

सेनाले सत्ता कब्जा गरी नेतृ आङ सान सुकीलाई नजरबन्द गरेपछि फेब्रुअरी १ यता म्यान्मारभित्र विषम परिस्थिति उत्पन्न भएको छ। म्यान्मारमा दश वर्षसम्मको लोकतन्त्रको अनुभवपछि सेनाले पुनः सत्ता कब्जा गरेको हो।

म्यान्मारमाथि अन्तरराष्ट्रिय दबाब पनि बढ्दो छ र बेलायतले शुक्रबारको बैठकमा राष्ट्रसंघ सुरक्षा परिषद्को बैठक पनि डाकेको छ। पश्चिमा मुलुकले म्यान्मारका सैनिक नेतृत्वमाथि प्रतिबन्ध घोषणा गरेका छन्।

अस्पताल स्रोतका अनुसार मध्य म्यान्मारको शहरमा चार व्यक्तिको गोली लागेर मृत्यु भएको छ। देशको दोस्रो ठूलो शहर मन्डालेमा पनि दुई व्यक्तिको गोली लागेर मृत्यु भएको अस्पताल स्रोतले एएफपीलाई बताएको छ।

एक चिकित्सकले नाम नबताउने शर्तमा मन्डालेमा मारिएका एक व्यक्तिको टाउकामा गोली लागेको बताएका छन्। देशको मिङ्यान शहरको प्रदर्शन पनि निकै हिंसात्मक बनेको थियो। ती चिकित्सकका अनुसार सुरक्षाकर्मीले अश्रुग्यास, रबरको गोली प्रहार गरेका थिए। उक्त घटनामा कम्तीमा १० जना घाइते भएका छन्।

म्यान्मारको सबैभन्दा ठूलो शहर याङ्गुनमा बुधबार पनि प्रदर्शन जारी छन्। सैनिकले सत्ता कब्जा गरेपछि आइतबार सबैभन्दा रक्तपातपूर्ण रहेको थियो। राष्ट्रसंघका अनुसार देशका विभिन्न भागमा आइतबार एकै दिन कम्तीमा १८ जनाको मृत्यु भएको छ।

देशका विभिन्न भागमा सुरक्षा फौजले पत्रकार र नागरिक समाजका व्यक्तिलाई पनि धरपकड गरेको छ।

### भारतमा एक करोड ११ लाखभन्दा बढी कोरोना संक्रमित

नयाँदिल्ली, १९ फागुन (रासस/सिन्ह्वा)।

भारतमा गत २४ घण्टामा १४ हजार ९८९ जना कोरोना सङ्क्रमित थपिएपछि कोरोना सङ्क्रमितको सङ्ख्या एक करोड ११ लाख ३९ हजार पुगेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले बुधबार जनाएको छ।

भारतमा गत २४ घण्टामा कोरोना सङ्क्रमणको कारण ९८ जनाको मृत्यु भएपछि भारतमा कोरोना सङ्क्रमणबाट मृत्यु हुनेको सङ्ख्या एक लाख ५७ हजार ३४६ जना पुगेको छ। हाल भारतमा एक लाख ७० हजारभन्दा बढी सक्रिय सङ्क्रमित रहेका छन् भने एक करोड आठ लाख १२ हजारभन्दा बढी कोराना मुक्त भएका छन्।

भारतमा गत जनवरी १६ देखि कोभिड-१९ विरुद्धको खोप कार्यक्रम शुरु भएको छ। सो दिनदेखि शुक्रबारसम्म एक करोड ५६ लाख भन्दा बढी व्यक्तिले खोप लगाइसकेका छन्। कोरोना भाइरसविरुद्ध खोप लगाउनेमा प्राय:स्वास्थ्यकर्मी र प्रत्यक्षरुपमा सार्वजनिक क्रियाकलापसँग सम्बन्धित व्यक्ति रहेका छन्।

यसैबीच, सरकारले देशका विभिन्न भागमा कोभिड-१९ परीक्षणलाई तीव्रता दिने बताएको छ। भारतीय स्वास्थ्य अनुसन्धान परिषद्ले मङ्गलबारसम्म देशभर २१ करोड ८४ लाख ३२ हजारको हाराहारीमा नमूना परीक्षण गरेको छ। मङ्गलबार एकै दिनमा मात्र सात लाख ८५ हजार २२० जना व्यक्तिको कोभिड-१९ परीक्षण गरेको जनाइएको छ।

भारतमा गत सोमबारबाट ६० वर्षभन्दा बढी उमेरका व्यक्तिलाई खोप लगाइने कार्यक्रम शुरु भएको छ। त्यसैगरी दिर्घरोगी छन् भने ४५ वर्ष माथीकालाई पनि कोरोना भाइरसविरुद्धको खोप शुरु गरिएको अधिकारीको भनाइ छ।

# राजबिराज प्रिमियर लिगमा तिलाठी र खडक बिजय



**दैनिक समाचारदाता**
**राजविराज, १९ फागुन ।**

लायन्स क्रिकेट एकेडमी राजबिराज ५ द्वारा संचालित राजबिराज प्रिमियर लिग क्रिकेट प्रतियोगिता अन्तर्गत बुधबार दोस्रो दिनको पहिलो खेलमा तिलाठी कोईलाडीले राजबिराज वडा ११ लाई ६ बिकेटले र खडकले राजबिराज १ लाई ४३ रनले पराजित गरेको छ ।

स्थानिय पबि माबिको खेलमैदानमा सम्पन्न पहिलो खेलमा टस जितेर राजबिराज नपा ११ ले निर्धारित २० ओभरमा ७ बिकेट गुमाई १ सय ३० रनको योगफल खडा गरेको थियो । जसमा टिमका लागि संतोष खडगा ३७ रन, पारस यादब अविजित २२ र सचिन यादब ले ३० रनको योगदान गरेका थिए ।

बलिंगतर्फ तिलाठी कोईलाडीका सुरज मण्डलले ३ विकेट, दिपेश सरदार, अजय मरिकले १ विकेट हात पारेका थिए ।

जवाफमा तिलाठी कोईलाडीले १६ ओभर ५ बलमा ४ बिकेट गुमाएर बिजय हासिल गरेको थियो । जसमा टिमका लागि दिपेश सरदारले अविजित ३४ रन, साकेत सिँह २८ सुरज मण्डल २५ तथा लक्ष्मी रायले १३ रन बनाएपछि जित सहज भएको हो ।

बलिँगतर्फ राजबिराज ११ का अमन यादब २ तथा सचिन यादव र संतोष खडगाले समान्य १/१ बिकेट हात पारे । सो खेलको म्यान अफ दि म्याच तिलाठी कोईलाडीका सुरज मण्डल घोषित भए ।

यस्तै बुधवारै सम्पन्न दोस्रो खेलमा राजबिराज १ लाई ४३ रनले पराजित गर्दै खडक नगरपालिका बिजय भएको छ ।

टस जितेर खडक ले निर्धारित २० ओभरमा ७ बिकेट गुमाई १ सय ३१ रनको योगफल खडा गरेको थियो । जसमा आशिष झा ३३ रन, पप्पु साह २३, मिकु मण्डल अबिजित १४ तथा प्रशान्त रायले १६ रन जोडेका थिए ।

बलिंग तर्फ राजबिराज १ का संतोष सिँह ३ बिकेट, मोहम्मद अजाद २ बिकेट तथा उदित राय, सिमान्त रायले समान्य १/१ बिकेट हात पारेका थिए ।

जवाफमा १ सय ३१ रनको लक्ष्य लिएका राजबिराज वडा १ ले १५ ओभर ५ बल खेल्दै सबै बिकेट ८८ रन मै सिमित रहेका थिए । जसमा निरज यादब २८ रन, संजय यादब ११ तथा चन्द्रप्रकाश र अजय यादबले १०/१० रन जोडे पनि जित हासिल गर्न सकेन ।

यता बलिँगतर्फ खडक नगरपालिका टिमका अजय यादब ४ बिकेट तथा निकु मण्डल/मनिष मण्डल/प्रशान्त सिँह ले समान्य २/२ बिकेट लिएपछि जित सहज भएको हो । सो खेलमा बिजय टिमका अजय यादब म्यान अफ दि म्याच घोषित भएको आयोजक समितिका तिर्थ नारायण दासले जानकारी दिएका छन ।

# प्रेस संगठनले कुनै समिति गठन नगरेको स्पष्ट

**दैनिक समाचारदाता**
**राजविराज, १९ फागुन ।**

प्रेस संगठन नेपालले नेपाल पत्रकार महासंघको आगामी निर्वाचनलाई केन्द्रित गरि कुनै तयारी समिति गठन नगरेको स्पष्ट गरेको छ ।

प्रेस संगठन नेपाल सप्तरीका संयोजक गोपाल प्रसाद गुप्ताद्वारा बुधबार जारि विज्ञप्तिमा पत्रकार महासंघ सप्तरीको आगामी निर्वाचन केन्द्रित गतिविधि गर्न निर्वाचन तयारी समिति गठन गरिएको भनि प्रकाशित समाचारप्रति हाम्रो गम्भिर ध्यानाकर्षण भएको जनाइएको छ ।

जारि विज्ञप्तिमा पत्रकार महासंघले हालसम्म निर्वाचनको मिति र निर्वाचन कार्यक्रम प्रकाशित नभएको अवस्थामा संगठनको नाममा भएका भनिएका कुनै पनि गतिविधीहरु आधिकारीक नरहेको उल्लेख छ ।

साथै विज्ञप्तिमा उक्त समाचारप्रति भ्रममा नपर्न सम्बद्ध सबै संघ संगठन र पत्रकार साथिहरुलाई अनुरोध गर्दै उपयुक्त समयमा संगठनको कार्यक्रमसहित आउने ब्यहोरा अवगत गराइएको छ ।

# प्रचण्ड-नेपाल पक्षद्वारा ओली पक्षका सात जना नेतालाई कारबाही

**दैनिक समाचारदाता**
**काठमाडौं, १९ फागुन ।**

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) प्रचण्ड-नेपाल नेतृत्वको नेकपाले प्रधानमन्त्री केपी शर्मा ओली पक्षका ७ जना नेतालाई कारबाही गरेको छ ।

बुधबार पेरिसडाँडामा बसेको केन्द्रीय कमिटीको बैठकले स्थायी समिति सदस्य सुवास नेम्वाङ, केन्द्रीय सदस्यहरु विशाल भट्टराई, महेश बस्नेत, शान्ता चौधरी, प्रभु साह, सूर्य थापा, गोकुल बास्कोटालाई कारबाही गर्ने निर्णय गरेको हो । स्थायी कमिटी सदस्य तथा संसदीय दलका उपनेता सुवास नेम्वाङले पार्टीको अन्तरिम विधान उल्लंघन गरेको भन्दै बैठकले स्थायी कमिटीबाट निलम्बन गर्दै तीन दिनभित्र उपनेताबाट राजीनामा गर्न निर्देशन दिएको छ ।

त्यस्तै, केन्द्रीय सदस्य विशाल भट्टराईलाई केन्द्रीय सदस्यबाट निलम्बन गर्ने र सांसदको जिम्मामा रहन सचेत गराउने निर्णय गरेको छ । यसबाहेक बैठकले महेश बस्नेत, शान्ता चौधरी, प्रभु साह, सूर्य थापा, गोकुल बाँस्कोटालाई केन्द्रीय सदस्यबाट निष्काशित गर्ने समेत निर्णय गरेको छ । बैठकले प्रधानमन्त्री केपी ओलीको कदमलाई असंवैधानिक र अलोकतान्त्रिक भन्ने सबै दलहरुलाई संयुक्त सरकार गठनका लागि अपिल गर्ने समेत निर्णय गरेको छ ।


## राजविराजको मेनरोडमा कोठा भाडा चाहिएमा

राजविराज नगरपालिका साविक ३ हाल वडा नं. ४ मेनरोडमा दोश्रो तल्लामा बैंक तथा बित्तिय संस्था, बिमा कम्पनी, संघ संस्था तथा अन्य प्रयोजनका लागि कोठा भाडामा चाहिएमा तु-सम्पर्क गर्नुहोस् ।

**लोकेशन : कामना सेवा विकास बैंकको माथी**
**सम्पर्क नं. ९८४२८२१०८२, ९८१९७२५०८२**


# आगोले जलेकी खंगलाई इन्सेकद्वारा सहयोग



**दैनिक समाचारदाता**
**राजविराज, १९ फागुन ।**

**राजविराज**/राजविराज नगरपालिका १० दिघवाकी २५ वर्षिया निरसी खंगलाई उपचार खर्च जुटाउन समस्या परेको बेला अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले सहयोग प्रदान गरेको छ ।

इन्सेकद्वारा राजविराज नगरपालिकामा गठित मानव अधिकार निगरानी समूहले बैठक खर्चसहित ६ हजार रुपियाँ आगलागी पीडित गरिव तथा असहाय दलित महिलालाई प्रदान गरेको हो ।

महिलालाई उपचार खर्च जुटाउन र पोषणयुक्त खानामा समस्या परेको बेला समूहले वैठक खर्चवापतको १ हजार ५ सय र कार्यसमिति पदाधिकारीबाट सहयोगस्वरुप उठाएको ४ हजार ५ सय गरी ६ हजार रुपियाँको प्रोटिनयुक्त खानेकुरा सहयोग गरेको सहजकर्ता दिपक यादवले जानकारी दिएका छन् ।

निगरानी समूहका पदाधिकारीहरु अस्पताल पुगेर हर्लिक्स र फलफूलको जुसलगायतका सामाग्री उपलब्ध गराएको समूहकी कोषाध्यक्ष नानीमैया कटवालले बताइन् । विरामीको स्वास्थ्य अवस्था बुझ्न् नियमित अस्पताल जाने र पाँच/पाँच दिनमा प्रोटिनयुक्त आहारा लिएर समूहका पदाधिकारी जाने व्यवस्था मिलाइएको पनि उनले बताइन् ।

यता अस्पतालका मेसु डा. रन्जित झाले अस्पतालमा 'बर्न सेन्टर' नभएकाले उपचारका लागि काठमाडौं वा किर्तिपुर लैजान सुझाव दिएका छन् ।

यसअघि युवा सशक्तिकरण संघ नेपाल सप्तरीका अध्यक्ष किशोर कुमार यादवले ३ हजार १ सय रुपैयाँ, बालाजी डेन्टल केयर प्रालिका निर्देशक विवेक झा र सबल नेपालका कार्यक्रम संयोजक परमेश्वर झाले अस्पतालमै पुगि १ हजार १ सयका दरले, पार्थो सरकारले १ हजार १ सय, नन्द किशोर गुप्ताले ५ सय, रामकृष्ण रजक तथा ओमप्रकाश यादवले १/१ सय आर्थिक सहयोग प्रदान गरेका थिए ।

गरिबीका कारण उपचार खर्च जुटाउन नसक्दा जिवनमरणको दोसाधमा रहेकी निरसी गत माघ १३ गते चिसो छल्न बालिएको घुरबाट सल्केको आगोले जलेर गम्भिर घाइते भएकी छिन् । उनको हाल राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालमा उपचार भइरहेको छ ।

ऐलानी जग्गामा बसोवास गर्दै आएका चार वर्षिय छोरीकी आमा खंग मजदुरी गरेर गुजारा चलाउँदै आएकी थिइन् । पति राजाराम पनि अर्काको घर र खेतमा काम गर्दै आएका थिए । तर, विगत एक महिनादेखी पत्नि अस्पतालमा धर्ना भएपछि रेखदेखमै खटिनु परेकाले राजारामको पनि आम्दानीको सबै बाटो बन्द भएको छ ।


## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो ।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्युँ गर्दा निस्किने थुक, खकार र सिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन् ।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छ्युँ गर्दा मुख छोप्नुपर्छ । मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ । कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं ।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ । यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस ।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस् ।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर ११११५ मा फोन गर्न सकिन्छ ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit | City Express Money Transfer – Money Transfer Made Easy | Best Remit – Quick & Easy | Prabhu Money Transfer – प्रभुको इच्छा – रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम | IME International Money Express | himal remit हिमालरेमिट | CG Money – Chaudhary Group



**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*